# मिथिला नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
## ढल्केबर, धनुषा
स्थापना २०७३

**नदी नियन्त्रण तथा सडक मर्मत सेवा शुल्क उठाउने ठेक्का बन्दोवस्ती सम्बन्धि १५ (पन्ध्र) दिने शिलबन्दी दरभाउ पत्र आह्वानको सूचना**

प्रथम पटक प्रकाशित मिति : २०७६।०८।२० गते।

यस मिथिला नगरपालिकाको क्षेत्राधिकार भित्र पर्ने निम्न आय शिर्षकमा आ. व. २०७६/०७७ को लागि नदी नियन्त्रण तथा सडक मर्मत सेवा शुल्कको ठेक्का बन्दोबस्त गर्नु पर्ने भएकोले इच्छुक फर्म वा कम्पनीहरुबाट आफ्नो फर्मको नवीकरण भएको प्रमाणपत्र, मूल्य अभिबृद्धि कर दर्ता प्रमाण पत्र, कर चुक्ताको प्रमाणित प्रतिलिपिहरु तथा कार्य गर्न योग्य भएको स्वघोषणा पत्र पेश गरी निम्न शर्तहरुका अधिनमा रही सूचना प्रकाशित भएको मितिले १५ औं दिन सम्म रु. १,०००।०० (एक हजार) नगदै राजस्व उप–शाखामा तिरी दरभाउ फाराम खरिद सो को भोली पल्ट मिति २०७६।९।५ गते विदा परेकोले मिति २०७६।९।६ गते दिनको १२.०० बजे सम्म आफुले कबोल गर्ने रकम उल्लेख गरी दाखिला गर्न यो सूचना प्रकाशित गरिएकोछ। यो सूचना यस कार्यालयको www.mithilamun.gov.np मा पनि हेर्न सकिनेछ।

**शर्तहरु :**

१. दरभाउपत्र फाराम यस कार्यालय बाट पछि फिर्ता नहुने गरी यो सूचना प्रकाशित भएको मितिले १५ औ दिन कार्यालय समय भित्र यस कार्यालयबाट खरिद गर्न सकिनेछ।

२. खरिद भएको दरभाउपत्र फाराममा नेपाली नागरिकले आफुले कबोल गरेको कूल ठेक्का अंकको ५ (पाँच) प्रतिशत धरौटी रकम नगदै श्री माछापुच्छे बैंक लि., ढल्केबर शाखामा रहेको यस कार्यालयको धरौटी खाता नं. १००१५२४७९५८७१०७८ मा दाखिला गरेको सकलै बैंक भौचर वा कम्तीमा ७५ दिन म्याद भएको बैंक जमानी पत्र (BID BOND) संलग्न गरी १६ औं माथि उल्लेख गरिएको दिनको १२.०० बजे भित्र यस कार्यालयमा रितपूर्वक सही छाप तथा शिलबन्दी गरी दरभाउपत्र दर्ता आफै वा प्रतिनिधि मार्फत दाखिला गर्न सकिनेछ। दर्ता हुन आएका दरभाउपत्र सोही दिन दिनको २.०० बजे सरकारी कार्यालय र दरभाउपत्रदाताहरुको प्रतिनिधिको रोहवरमा यस कार्यालयमा खोलिनेछ। दरभाउपत्रदाता वा निजको प्रतिनिधि उपस्थित नभएमा पनि दरभाउपत्र खोल्न बाधा पर्ने छैन। धरौटी बापतको रकम नगद वा विधिपूर्वकको जमानत संलग्न नगरेकोलाई मान्यता दिईने छैन।

३. दरभाउपत्रदाताले पेश गरेको दरभाउपत्र फिर्ता वा संशोधन गर्न चाहेमा दर्ता गर्ने अन्तिम समय समाप्त हुनु भन्दा चौविस घण्टा अगाडी फिर्ता वा संशोधन गर्न सकिनेछ।

४. ठेक्का अवधि :- सम्झौता भई चलन पूर्जी लिएको दिन देखि २०७७ असार मसान्त सम्म हुनेछ।

५. दरभाउपत्र फाराम भर्दा आफुले कवोल गरेको रकम अंक र अक्षर दुवैमा स्पष्ट हुने गरी उल्लेख भएको हुनु पर्नेछ। अंक र अक्षरमा फरक परेमा अक्षरमा लेखिएकोलाई मान्यता दिईनेछ।

६. दरभाउपत्र स्वीकृत भए पछी सूचना पाएको वा घरदैलोमा टाँस भएको मितिले १५(दिन) भित्र नियमानुसार आयकर/मू.अ.कर दर्ता प्रमाण पत्रको प्रमाणित प्रतिलिपि साथै लिई सम्झौता गर्न यस कार्यालयमा आउनु पर्नेछ। सो अवधि भित्र सम्झौता गरी पट्टा नउठाएमा धरौटी रकम जफत गरिनेछ र दोश्रो सवै भन्दा बढि दरभाउपत्रदाताको दरभाउपत्र स्वीकृत गर्ने वा नगर्ने वा पुनः बोलपत्र आवहान गर्ने वा नगर्ने अधिकार नियमानुसार यस कार्यालयमा सुरक्षित रहनेछ।

७. ठेकेदारले आफुले कबोल गरेको कूल रकम दुई किस्तामा बुझाउनु पर्नेछ। पहिलो किस्ता आफुले कबोल गरेको कूल ठेक्का रकमको ६० (साठी) प्रतिशत रकम सम्झौता गर्ने समयमानै बुझाउनु पर्नेछ। त्यस

दरभाउपत्रदाताले बाँकी रकम बराबरको नेपाल राष्ट्र बैंकबाट मान्यता प्राप्त बैंकको बैंक ग्यारन्टी वा जमानत (Performance Bond) पेश गरे पछी स्थायी चलन पूर्जी दिईनेछ।

८. ठेकेदारले नियमानुसार तोकिएको दरमा मूल्य अभिबृदि कर थप गरी लिनुपर्ने छ । उक्त मूल्य अभिबृद्धि कर ठेकेदारले आन्तरिक राजस्व कार्यालयमा बुझाउनु पर्नेछ। सो बाहेक पनि नेपाल सरकार वा स्थानीय तहलाई प्रचलित ऐन नियमानुसार बुझाउनु पर्ने अन्य कर दस्तुर, शुल्क आदि सबै ठेकेदार स्वयमले सम्बन्धित कार्यालयमा बुझाउनु पर्नेछ। ठेक्का रकमबाट कटाउन तथा घटाउन पाईने छैन।

९. बन्द हडताल, चक्काजाम लगायत अन्य मानव सिर्जित कारणबाट सिर्जना हुने अवस्थाको कारण कर छुट वा मिनाहा दिन नसकिने हुँदा कबोल अंकमा कुनै किसिमको छुट वा मिनाहा दिईने छैन । साथै कर छुट वा मिनहा माग गर्न पाईने छैन।

१०.शुल्क उठाउने रसिदमा ठेक्काको शिषर्क उल्लेख गरी ३/३ प्रतिवाला,रसिद ठेकेदारले आफ्नै तर्फबाट छपाई कार्यालयको छाप लगाई कार्यालयमा रसिद नं. दाखिला गरेर मात्र कर दस्तुर उठाउने प्रयोगमा ल्याउनु पर्नेछ।

११. कुनै कारण जनाई वा नजनाई ठेक्का स्वीकृत गर्ने, आंशिक रुपमा स्वीकृत गर्ने वा नगर्ने तथा अन्य व्यवस्था गर्ने सम्पूर्ण अधिकार यस नगरपालिकामा सुरक्षित हुनेछ। दरभाउपत्र पेश गर्दा दरभाउपत्रदाताको तर्फ बाट कुनै किसिमको शर्त मान्य हुने छैन। शर्त सहितको दरभाउपत्रलाई बदर मानिने छ । साथै रित नपुगी वा म्याद नाघि आएको दरभाउपत्र उपर कुनै कारवाही हुने छैन।

१२. चलन पूर्जीमा उल्लेख भएका मालबस्तु र दर रेटको प्रतिकूल हुने गरी शूल्क लिन पाईने छैन। बढि लिएको प्रमाण पेश हुन आएमा तोकिएको दरमा ४ गुणा जरिवाना गरिने र उजुरकर्तालाई जरिवाना रकमको २५% रकम दिईनेछ। कुनै पनि सवारी साधनले तोकिएको कर नतिरी भुक्याई भागेमा सवारी साधनलाई तोकिएको करको ४ गुणा जरिवाना गरिनेछ।

१३. सम्मानित अदालत, नेपाल सरकार, नगरपालिकाको नीती, निर्देशन तथा आदेशको पालना गर्नु गराउनु र लागु गर्नु ठेकेदारको कर्तव्य एवम् दायित्व हुनेछ। नीति निर्देशन वा अदालतको आदेशको पालनाको कारण बाट कुनै क्षति हानि नोक्सानी हुन गएमा सो को क्षतिपूर्तिको दायित्व ठेकेदारले नगरपालिका संग गर्न पाउने छैन।

१४. ठेकेदारले उठाउने कर यस कार्यालयबाट तोकिएको स्थल वा तोकिएको संकलन केन्द्रमा मात्र उठाउनु पर्नेछ । राष्ट्रिय राजमार्ग र सहायक राजमार्गमा ढाँट राखी कर उठाउन पाईने छैन। कर संकलन सम्बन्धी सूचना पाटी अनिवार्य रुपमा ठेकेदारले लेखेर संकलन केन्द्रमा राख्नुपर्ने छ ।

१५. कर संकलन सम्वन्धमा अनुगमन समिति तथा नगरपालिकाबाट निर्देशन भए बमोजिम हुनेछ ।

१६.नेपाल सरकारबाट बन्देज लगाईएको अवधिमा कर संकलन गर्न पाईने छैन। दैनिक प्रगति प्रतिवेदन पेश गर्नु पर्नेछ ।

१७. स्वीकृत दरभाउपत्रदाता ( ठेकेदार) ले आफुले सेवा शुल्क उठाउने बाटोमा आफ्नै खर्चमा धुलो उड्न नपाउने गरी दैनिक रुपमा पानी छर्कने व्यवस्था मिलाउनु पर्ने छ । यसको खर्च नगरपालिकाबाट भुक्तानी पाईने छैन ।

१८. दरभाउपत्र सम्बन्धी दर रेट, अन्य शर्त तथा विस्तृत जानकारीका लागि कार्यालयको सूचना पाटीमा हेर्नु हुन वा कार्यालय समय भित्र यस कार्यालयको राजश्व उप–शाखामा सम्पर्क राख्न हुन सम्बन्धीत सबैलाई जानकारी गराईन्छ । दरभाउपत्र फाराम लिने, दाखिला गर्ने र खोलिने दिन विदा परेमा सो कार्य सोको भोलीपल्ट हुनेछरभाउपत्र फाराम लिने, दाखिला गर्ने र खोलिने दिन विदा परेमा सो कार्य सोको भोलीपल्ट हुनेछ ।

१९. यसमा उल्लेख भएका कुराहरुमा सोहि बमोजिम र यसमा उल्लेख नभएका सार्वजनिक खरिद ऐन, २०६३ र सार्वजनिक खरिद नियमावली, २०६४ तथा अन्य प्रचलित कानून अनुसार हुनेछ ।

## तपसिल

| ठेक्का नं. | नदि नियन्त्रण तथा सडक मर्मत सुधार सेवा शुल्क उठाउने सडकको नाम | सवारीको प्रकार | उठाउन पाउने रकम रु. | न्युनतम ठेक्का रकम रु |
|---|---|---|---|---|
| २।२०७६।०७७ लिलाम बढावढ | मिथिला नगरपालिका वडा नं. १० को रातु पुल नजिक लालगढ कुष्ठरोग अस्पताल जाने सडकको दक्षिण तर्फबाट रातु नदि जाने सडक | ट्रक, डम्फर, टिफर, टेलर, लहरी (वालुवा, गिट्टी, मिस्कट, कसरको धुलो र ग्राभेल र ढुङ्गा वोक्ने) | १२ चक्केलाई २००।००<br>१० चक्केलाई १५०।००<br>६ चक्के लाई १००।०० | ४,००,०००।००<br>(अक्षरेपी रु चार लाख मात्र ।) |
| | | मिनिट्रक/टयाक्टर( वालुवा, गिट्टी, मिस्कट, कसरको धुलो र ग्राभेल र ढुङ्गा वोक्ने) | मिनि ट्रक लाई ५०।००<br>ट्रेक्टरलाई २०।०० | |

प्रमुख प्रशासकिय अधिकृत